# हल्दीबारी राजपत्र

हल्दीबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, जेष्ठ ५ गते २०८० साल ( संख्या ३५

## भाग २

हल्दीबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ३५

## स्थानीय तहको कर्मचारी तह बृद्धि सम्बन्धि कार्यविधि २०८०

हल्दीबारी राजपत्र

कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम हल्दीबारी गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी हल्दीबारी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "स्थानीय सेवाको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८०" हुनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात हल्दीबारी गाउँपालिका, झापामा लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० लाई सम्झनुपर्दछ ।

(२) "कर्मचारी" भन्नाले हल्दीबारी गाउँपालिकाको स्थानीय सेवामा बहालमा रहेको स्थायी कर्मचारीलाई सम्झनुपर्दछ ।

(२) "कार्यालय" भन्नाले हल्दीबारी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, हल्दीबारी, झापालाई सम्झनुपर्दछ ।

(३) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिका, झापालाई सम्झनुपर्दछ ।

(४)"गाउँ कार्यपालिका" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(५) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग, विराटनगरलाई सम्झनुपर्दछ ।

३. **समिति गठन गर्नुपर्नेः** (१) अध्यादेश बमोजिम तहवृद्धि गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा अध्यादेशको दफा २८ को उपदफा (३) बमोजिम तहवृद्धि सिफारिस समिति गठन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखाले काम गर्नेछ ।

(३) समितिले आफ्नो बैठकमा कर्मचारी प्रशासन हेर्ने शाखाको प्रमुख तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **सूचना प्रकाशन गर्नुपर्ने:** (१) अध्यादेश बमोजिम गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीको तहवृद्धिका लागि समितिले प्रत्येक वर्षको असार महिना तथा पौष महिनाको पहिलो हप्ताभित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुका लागि कम्तिमा १५ दिनको म्याद दिई दरखास्त आह्वान सम्बन्धि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचनापाटी, सबै वडा कार्यालयहरुको सूचनापाटी, गाउँपालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

५. **दरखास्त दिने:** (१) दफा ४ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुले अनुसुची १ को ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः

क. पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति,

ख. सेवा अवधि प्रमाणित भएको कार्यालयको पत्र,

ग. तोकिएको शैक्षिक योग्यताको लब्धांक तथा चारित्रिक प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेको छायाँप्रति,

घ. गयल कट्टी नभएको, सेवा निरन्तरता रहेको, विभागीय कारबाहीमा नपरेको, अध्ययन/ असाधारण विदामा नबसेको प्रमाणित हुने कार्यालयको पत्र,

ङ. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेको छायाँप्रति (आवश्यक हुनेको हकमा),

च. समितिले तोकेको अन्य कागजातहरु ।

६. **जाँचबुझ गर्ने:** (१) दफा ५ बमोजिम प्राप्त दरखास्त तथा अन्य कागजातहरु समितिले जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कागजात जाँच गर्दा कुनै उम्मेद्वारको तहवृद्धिका लागि आवश्यक पर्ने आधारभुत कागजात नपुगेको देखिएमा तत्काल सम्बन्धित कर्मचारीलाई जानकारी गराई उक्त कागजात पेश गर्न बढीमा ३ दिनको समय दिनुपर्नेछ ।

तर, उम्मेद्वारले छुटेको कुनै कागजात पेश गर्दा दरखास्त पेश गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाणपत्र मात्र पेश गर्न सक्नेछ । दरखास्त पेश गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणपत्रलाई समितिले मान्यता दिनुहुनेछैन ।

७. <u>सिफारिस गर्ने:</u> (१) दफा ६ बमोजिम दरखास्त फारम तथा अन्य कागजात जाँचबुझ गर्दा निम्न बमोजिम मापदण्ड पुरा भएको देखिएमा समितिले कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्नुपर्नेछः

क. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा नब्बे प्रतिशत भन्दा बढी अंक प्राप्त गरेको,

ख. अध्यादेशको दफा २८ को उपदफा (१) तथा दफा २९ को उपदफा (१) बमोजिमको शैक्षिक योग्यता हासिल गरेको,

ग. नसिहतको सजाय पाएको भए सो सजाय पाएको एक वर्ष पुरा भएको, तलबवृद्धि वा बढुवा रोक्का भएको भए सो अवधि पुरा भएको,

घ. असाधारण विदामा नबसेको,

ङ. निलम्बनमा नभएको,

च. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको अवधि नसकिएको (आवश्यक हुनेको हकमा)

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कुनै उम्मेद्वार तहवृद्धिका लागि सिफारिस नभएमा तहवृद्धिका लागि सिफारिस नहुनाको कारण जनाई निजलाई जानकारी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस गर्दा तहवृद्धि हुने पद, तह, सेवा, समूह, ज्येष्ठता लागू हुने मिति समेत खुलाई सिफारिस गर्नुपर्नेछ ।

८. <u>तहवृद्धिको पत्र दिने:</u> (१) दफा ७ बमोजिम सिफारिस भएका कर्मचारीलाई सिफारिस भएको ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले <u>अनुसुची २</u> बमोजिमको ढाँचामा तहवृद्धि भएको पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पत्र दिँदा मन्त्रालय, प्रदेश किताबखाना, प्रदेश लोक सेवा आयोग, कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखा तथा आर्थिक प्रशासन शाखालाई समेत बोधार्थ दिनुपर्नेछ ।

९. <u>अन्य सेवाका कर्मचारी, चौथो तहका कर्मचारी र छैटौं तहको तहवृद्धि सम्बन्धि विशेष व्यवस्था:</u> (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अध्यादेशको दफा ४ को उपदफा (५) तथा दफा ८ को उपदफा (१६) बमोजिम निजामति सेवा बाहेक अन्य सेवाबाट गाउँपालिकामा नवौं तहसम्मको समान तहमा समायोजन भई अध्यादेश जारी हुँदाका बखत सम्म तहवृद्धि नभएका, सहायकस्तर चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदाका बखतसम्म पाँच वर्ष सेवा अवधि पुरा भएका र संघीय लोक सेवा आयोगबाट छैटौं तहमा

सिफारिस भई नियुक्ती भएका कर्मचारीहरुको तहवृद्धिका लागि कार्यालयले निर्णय गरी हाल वहालमा रहेको तहमा एक तह वृद्धि गरी तहवृद्धि सम्बन्धि पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कर्मचारीको तहवृद्धि हुनेछैनः

क. नसिहतको सजाय पाएको भए सो सजाय पाएको एक वर्ष पुरा नभएको, तलबवृद्धि वा बढुवा रोक्का भएको भए सो अवधि पुरा नभएको,

ख. अध्यादेशको दफा २८ मा तोकिए बमोजिमको शैक्षिक योग्यता नभएको,

ख. असाधारण विदामा बसेको,

ग. निलम्बनमा भएको,

घ. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको अवधि सकिएको (आवश्यक हुनेको हकमा)

(३) उपदफा (१) बमोजिम तहवृद्धिका लागि सम्भाव्य कर्मचारीले यो कार्यविधि जारी भएपछि ३ दिन भित्र समायोजन भएको पत्र तथा हालको पदमा नियुक्ति भएको नियुक्ती पत्र सहित निवेदन दिनुपर्नेछ। प्राप्त निवेदन बमोजिम उपदफा (२) को अवस्थामा नरहेको देखिएमा कार्यालयले निर्णय गरी ३ दिन भित्र तहवृद्धिको पत्र दिनुपर्नेछ ।

"यस दफाको प्रयोजनका लागि तहवृद्धि भन्नाले हाल वहालमा रहेको तह भन्दा एक तह माथिको तहमा हुने वृद्धिलाई सम्झनुपर्नेछ ।"

१०. <u>ज्येष्ठता गणनाः</u> (१) यस अध्यादेश बमोजिम तहवृद्धि हुने कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ती पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

तर, संघीय लोक सेवा आयोगबाट छैठौं तहको पदमा सिफारिस भई नियुक्ती भएको कर्मचारीको जेष्ठता गणना गर्दा छैठौं तहको पदमा नियुक्ती पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

११. <u>पदनामः</u> (१) यस कार्यविधि बमोजिम तहवृद्धि हुने पदको पदनाम अध्यादेश बमोजिम गाउँ कार्यपालिकाले बनाउने नियमावली बमोजिम हुनेछ ।

तर, नियमावली नबनेसम्म तहवृद्धि हुनु भन्दा तत्काल अघि कायम रहेको (हाल बहालमा रहेको) पदनाम पछाडी कोष्ठकमा तहवृद्धि भई कायम भएको तह लेख्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायकस्तर पाचौं तहबाट अधिकृतस्तर छैठौं तहमा वृद्धि हुने स्थानीय प्रशासन सेवाका कर्मचारीको पदनाममा अधिकृतस्तर भन्ने पदनाम कायम गर्न सकिनेछ ।

१२. <u>तहवृद्धि भएका कर्मचारीको सेवा, सुविधाः</u> (१) यस कार्यविधि बमोजिम तहवृद्धि भएका कर्मचारीले तहवृद्धिका लागि सिफारिस भएको मितिदेखि लागू हुने गरी वृद्धि भएको तहको सेवा सुविधा प्राप्त गर्नेछन् ।

१३. <u>निवेदन दिन सक्नेः</u> (१) यस कार्यविधि बमोजिम तहवृद्धि नहुने कुनै उम्मेद्वारले तहवृद्धिको सिफारिस सम्बन्धि निर्णयमा चित्त नबुझेमा तहवृद्धिको निर्णय भएको मितिले ३५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्रदेश लोक सेवा आयोगबाट प्राप्त निर्देशन कार्यालय तथा निवेदक दुवैलाई मान्य हुनेछ र उक्त निर्देशन कार्यान्वयन गर्नु कार्यालय तथा उम्मेद्वारको कर्तव्य हुनेछ ।

१४. <u>अभिलेख राख्नुपर्नेः</u> (१) यस कार्यविधि बमोजिम तहवृद्धि हुने कर्मचारीहरुको अभिलेख कार्यालयले दुरुस्त राख्नुपर्नेछ र तालुक निकायबाट माग भएको बखत तत्काल उपलब्ध गराउनुपर्नेछ ।

१५. <u>संशोधन र खारेजीः</u> (१) यो कार्यविधिलाई सामयिक रुपमा संशोधन गर्नु आवश्यक भएमा गाउँ कार्यपालिकाले संशोधन, खारेज तथा थपघट गर्न सक्नेछ ।

(२) यो कार्यविधि प्रचलित संघीय कानून तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसुची १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**फाराम दर्ता नं**

**मितिः**

# हल्दीबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धनुषपोखरी, झापा, कोशी प्रदेश

(तहवृद्धि आवेदन फाराम)

**उम्मेद्वारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी शाखा**

१. सूचनाको विवरणः

तहवृद्धिको सूचना नम्बरः ............................. मितिः..................................

सेवा/समूहः.............................. तहवृद्धि हुने तहः.....................

२. उम्मेद्वारको विवरणः

उम्मेद्वारको नाम,थर (देवनागरीमा)..............................................

उम्मेद्वारको नाम,थर(अंग्रेजी ठूलो अक्षरमा).......................................

ठेगानाः..................................... वहालमा रहेको कार्यालयः..........................

बाबुको नाम.............................. हालको सेवाः..........................................

आमाको नामः............................... समूह/उपसमूहः....................................

बाजेको नामः............................... पदः...........................................

नागरिकता प्रमाणपत्र नं.................... कर्मचारी संकेत नं..............................

जारी जिल्लाः ................................ मोबाइल नं.....................................

३. सेवाको विवरणः (शुरुदेखि हालसम्मको)

| क्र.सं | पदको नाम, श्रेणी/तह, सेवा, समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ती वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/सरुवा) | स्थायी नियुक्ती गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

४. हालको तहमा वा समायोजन हुनु भन्दा पहिलाको समान तहको पदमा तहवृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि......................वर्ष, ..........महिना, ............दिन

५. तहवृद्धिका लागि योग्य भए/नभएको अवस्थाः

क. विभागीय कारबाही भएको/नभएको .........................

भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस.......................

ख. अध्यादेशको दफा २८ बमोजिम तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको....................

ग. असाधारण/ अध्ययन विदामा बसेको/नबसेको ......................

बसेको भए सोको अवधि उल्लेख गर्नुहोस............................

घ. निलम्बनमा परेको/नपरेको..................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषद्को प्रमाणपत्रको अवधिः.................................

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्नेः

कर्मचारीको नाम,थर ...........................

संकेत नं .......................................

पद..........................................

सही र मितिः................................

| ल्याप्चे सहीछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

## तहवृद्धिको निर्णय ( कार्यालयको प्रयोजनका लागि )

क. आवेदक कर्मचारीले समायोजन हुनु पूर्व र समायोजन पश्चात गरी हालको तहमा पुरा गरेको सेवा अवधिः....................... वर्ष,......................महिना, ..........................दिन ।

ख. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषतः

अ. आ.व. ............./............... को प्राप्ताङ्क .........................................

आ. आ.व. ............./............... को प्राप्ताङ्क .........................................

इ. आ.व. ............./............... को प्राप्ताङ्क .........................................

औषत प्राप्ताङ्क ......................................................

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा (१) तथा तहवृद्धि कार्यविधि,२०८० को दफा ६ को उपदफा (१) बमोजिमको न्यूनतम योग्यता तथा मापदण्ड पुरा गरेको देखिएकाले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उपसमूह र पदमा एक तहवृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मितिः-..........................................  तहवृद्धि निर्णय लागू हुने मितिः-.........................

तहवृद्धि हुने तह- ........................................  सेवाः-..............................................

समूह/उपसमूहः-...........................................  पदः.................................................

| ......................... | ......................... | ....................... |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |
| नाम,थर | नाम,थर | नाम,थर |
| संकेत नं | संकेत नं | संकेत नं |

(कार्यालयको छाप)

अनुसुची २

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

(कार्यालयको लेटर हेड)

**क. संघीय लोकसेवा आयोगबाट छैठौ तहमा सिफारिस भई आउने कर्मचारीका लागि**

मितिः .............

**विषयः** तह वृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ........... बमोजिम सिफारिस समितिको मिति ........ गतेको सिफारिस अनुसार तपाईलाई देहाय बमोजिम तह वृद्धि गरी तह मिलान गरिएको छ। तहवृद्धि भएको पदको ज्येष्ठता प्रचलित कानून वा कार्यविधि बमोजिम हुनेछ ।

तह वृद्धि हुनु भएकोमा बधाई छ।

| हालको पद,तह, सेवा/समूह, कार्यालय | तह मिलान भएको पद,तह, सेवा/समूह, कार्यालय |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः |

श्री ..............

(संकेत नं.......)

(................)

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।

श्री आर्थिक प्रशासन शाखा, हल्दीबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापा ।

**ख. अन्य सेवाबाट समायोजन भई आउने कर्मचारीका लागि**

मितिः .............

विषयः तह वृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ........... बमोजिम सिफारिस समितिको मिति ........ गतेको सिफारिस अनुसार तपाईलाई देहाय बमोजिम तह वृद्धि गरिएको छ। तहवृद्धि भएको पदको ज्येष्ठता प्रचलित कानून बमोजिम हुनेछ ।

तह वृद्धि हुनु भएकोमा बधाई छ।

| हालको पद,तह, सेवा/समूह, कार्यालय | तह भएको पद,तह, सेवा/समूह, कार्यालय |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः |

श्री ..............

(संकेत नं.......)

(................)

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।

श्री आर्थिक प्रशासन शाखा, हल्दीबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापा ।

**आज्ञाले**

**इन्द्र प्रसाद चापागाई**

**प्रमुख प्रशासकीय अधिकृत**

हल्दीबारी राजपत्र